आज मिति २०८३ साल श्रावण १४ गते बिहिवारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८३/०८४ को दोश्रो कार्यपालिका बैठकले देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थितिः

श्री बेचन प्रसाद् मेहता -अध्यक्ष

श्री कुमारी विभा यादव -उपाध्यक्ष

श्री सुर्य नारायण पाल -वडा अध्यक्ष, वडा नं.१

श्री जग नारायण मेहता -वडा अध्यक्ष, वडा नं.२

श्री अनिल कुमार भगत -वडा अध्यक्ष, वडा नं.३

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७

श्री रुणा देवी दास - कार्यपालिका सदस्य

श्री उषा देवी यादव - कार्यपालिका सदस्य

श्री सुनिता देवी यादव -कार्यपालिका सदस्य

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य

श्री मनोज कुमार भगत -कार्यपालिका सदस्य

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य

श्री बाबुराम घिमिरे -सदस्य सचिव

आमन्त्रितः

श्री रामबहादुर महतो — वडा सदस्य

श्री डिल्ली प्रसाद पोखेल - प्रशासन शाखा प्रमुख

श्री डण्डी केशर खनाल - शिक्षा शाखा प्रमुख

श्री जनार्दन प्रसाद मेहता - सूचना प्रविधि अधिकृत

श्री बिन्देवर यादव- लेखा अधिकृत

प्रस्तावहरुः

१. शोक प्रस्ताब सम्बन्धमा ।

२. सहिद घोषणा गर्ने सम्बन्धमा ।

३. राहत प्रदान गर्ने सम्बन्धमा ।

४. जिम्मेवारी तोक्ने सम्बन्धमा ।

५. क्षतीपूर्ति माग गर्ने सम्बन्धमा ।

६. कार्यालय संचालन गर्ने सम्बन्धमा।

७. दोषी उपर कार्वाहीको मांग सम्बन्धमा।

निर्णयहरुः

**प्रस्ताव नं. १** माथि छलफल गर्दा मिति २०८३/०४/१० गते आइतवार राति करिब १० बजे देवानगञ्ज गा.पा.,वडा नं. ३ कसानगंज, नयाँ हाट बजारमा दुई सामुदाय बीच भएको घटनाको क्रममा गोलिलागि निधन भएका देवानगञ्ज गाउँपालिका वडा नं. ४ बस्ने वर्ष २४ का ओम प्रकाश मेहता र वडा नं. ३ बस्ने वर्ष २२ का जयप्रकाश मेहताको दिवंगत आत्माको चिर-शान्तिको कामना सहित शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो साथै उक्त घटनामा घाइते भएका व्यक्तिहरुको शिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. २** माथि छलफल गर्दा मिति २०८३/०४/१० गते आइतवार देवानगञ्ज गा.पा., वडा नं. ३ कसानगंज, नयाँ हाट बजारमा भएको घटनाको क्रममा गोलिलागि निधन भएका व्यक्तिहरु लाई देवानगञ्ज गाउँपालिकाको तर्फबाट सहिद घोषणा गर्दै सोको स्वीकृतिका लागि नेपाल सरकारलाई सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३** माथि छलफल गर्दा मिति २०८३/०४/१० गते आइतवार देवानगञ्ज गा.पा., वडा नं. ३ कसानगंज, नयाँ हाट बजारमा भएको घटनाको क्रममा गोलिलागि निधन भएका प्रति मृतक परिवारलाई राहत स्वरूप देवानगञ्ज गाउँपालिकाबाट रु १०/१० (दश /दश ) लाख रकम उपलव्ध गराउने साथै घटनाको क्रममा गोलिलागि पूर्ण अशक्त र अति अशक्त अपांगता भएको प्रति व्यक्तिलाई रु २/२( दुई/दुई) लाख तथा मध्यम र सामान्य अपांगता भएको प्रति व्यक्तिलाई रु ५०/५० (पचास/पचास) हजार राहत स्वरूप देवानगञ्ज गाउँपालिकाको चालु तर्फको उद्धार राहत तथा पुनःस्थापना खर्च शिर्षकबाट रकम उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४** माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकाको वर्तमान परिस्थितिलाई मध्य नजर गर्दै तत्काल देवानगञ्ज गाउँपालिका वडा नं. ३ को वडा समितिको बैठक बस्न सक्ने अवस्था नरहेको हुदाँ हाललाई वडा

नं. ३ का जेष्ठ वडा सदस्य श्री राम बहादुर महतोलाई कार्यवाहक वडा अध्यक्षको जिम्मेवारीमा रही कामकाज गर्न जिम्मेवारी तोक्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५** माथि छलफल गर्दा मिति २०८३/०४/१० गते आइतवार राति करिब १० बजे देवानगञ्ज गा.पा., वडा नं. ३ कसानगंज, नयाँ हाट बजारमा दुई सामुदाय बीच भएको घटना क्रमले उत्पन्न परिस्थितिका कारणले यस गाउँपालिका भित्रका बिभिन्न व्यक्तिहरुको निजी सम्पतिमा भएको क्षति एकिन गरि सो वापतको क्षतिपूर्तिका लागि नेपाल सरकार सँग माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६** माथि छलफल गर्दा मिति २०८३/०४/१० गते आइतवार राति करिब १० बजे देवानगञ्ज गा.पा., वडा नं. ३ कसानगंज, नयाँ हाट बजारमा दुई सामुदाय बीच भएको घटनाका कारण उत्पन्न असहज परिस्थितिले गर्दा कार्यालयको सेवा प्रवाह गर्न शान्ति सुरक्षाको दृष्टिले कठिनाइ भएको हुदाँ स्वास्थ्य सेवा तथा अन्य अति आवश्यक सेवा बाहेक यस गाउँपालिका अन्तर्गत रहेका कार्यालयहरु अर्को सूचना जारि नहुदाँ सम्म बन्द गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ७** माथि छलफल गर्दा मिति २०८३/०४/१० गते आइतवार राति करिब १० बजे देवानगञ्ज गा.पा.,वडा नं. ३ कसानगंज, नयाँ हाट बजारमा दुई सामुदाय बीच भएको घटनाको क्रममा गोलिलागि निधन भएका र घाइते भई बिभिन्न अस्पतालमा उपचारत व्यक्तिहरुको सम्बन्धमा तत्काल उक्त घटनाको सत्य तथ्य छानविन गरि दोषी उपर कानुन बमोजिम हदै सम्मको सजायका लागि नेपाल सरकार सँग जोरदार माग गर्ने सर्वसम्मत निर्णय गरियो ।